# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।२२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी खड्क बहादुर रोकायसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी खड्क बहादुर रोकायसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**<u>देहायः</u>**

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **खडक बहादुर रोकायसमेत भएको** (वि.अ. को (मुद्दा नं. ०७९-CR-००३७ वि.अ. को फैसला मिति २०८०।०६।२५ | झुट्टा बिल भरपाई बनाई सरकारी रकम हानी नोक्सानी गरी भ्रष्टाचार गरेको। | जिल्ला सुर्खेत, साविक घुमखहरे गा.वि.स.वडा नं. ९ स्थित लामिताले सिंचाई योजनाको लागि आ.व.२०६४/०६५देखि आ.व.२०६८/०६९ सम्म जम्मा रु.४,३८,५००।- बराबरको सरकारी रकम खर्च भएको, लागत अनुमान, सम्झौता, नापी किताब, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन बमोजिम मोटर सिंचाईको लागि नयाँ सामग्री खरिद गरी सिंचाईको लागि पाईप लाईन खन्ने पुर्ने कार्य गरी पाइप बिछ्याई सिंचाई गर्नुपर्नेमा सो नगरी पम्प लगायतका पुरानो सामानहरु साबिक गुमी गा.वि.स.मा सञ्चालित गृहस्थाश्रमबाट ल्याई उद्देश्य बमोजिम योजना सम्पन्न नभई योजनाको कार्य सम्पन्न प्रतिवेदन मात्र तयार गरी झुट्टा बिल भरपाईको आधारमा रकम भुक्तानी लिने दिने कार्य भई प्रतिवादीहरु खडक बहादुर रोकाया, देविलाल सुनार, खगेन्द्र प्रसाद उपाध्याय र टोप बहादुर घर्तीमगरले भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि हुन आएकोले प्रतिवादी मध्येका खडक बहादुर रोकाया उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा | **१. फैसलाः**<br>विशेष अदालतबाट सम्पुर्ण प्रतिवादीहरु खडक बहादुर रोकाया,देविलाल सुनार,खगेन्द्र प्रसाद उपाध्याय र टोप बहादुर घर्ती मगरलाई आरोपित कसूरवाट सफाई पाउने ठहर गरी मिति २०८०।०६।२५ मा फैसला भएको<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एबं आधारहरु :**<br>क) प्रतिवादीहरुको लापरबाही र वदनियत पुष्टि नभएको अवस्थामा पेश्की लिए दिएको रकम फछ्र्यौट वा तोकिएको काममा खर्च नभएमा सम्वन्धित व्यक्तिबाट कानून बमोजिम असुल उपर हुन सक्ने नै देखिदा उक्त रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्न मिल्ने नदेखिएको।<br>ख) के कति मुल्य बराबरको काम भएको हो भन्ने प्राविधिक प्रतिवेदनमा उल्लेख नहुदा अनुमान र आशंकाको भरमा सबै काम नभएको भनि कसुर कायम गर्न मिल्ने देखिएन।<br>ग) सरकारी कामको लागि पेश्की लिन र दिन कानूनले अनुमती प्रदान गरेकोमा पेश्की लिने दिने र फछ्र्यौट गर्ने कार्यलाई भ्रष्टाचारको कसूर भन्न मिल्ने नदेखिएको।<br>ग) विद्युतको उपलब्धता नहुदा योजना पूरा र संचालन हुन नसकेको तथा बाढी समेतको प्राकृतिक कारणले योजना सम्पन्न हुन नसकेको मिसिल संलग्न | **क)प्रतिवादी खडक बहादुर रोकायाको हकमाः-**<br>अ) यी प्रतिवादी जिल्ला सुर्खेत,घुमखहरे गा.वि.स.को तत्कालिन गा.वि.स सचिव को पदमा रही मिति २०६३ साल देखि २०६५ साल सम्म उक्त गा.बि.स.को सचिवको पदमा कार्यरत रहेका र निजले आ.व.२०६४/०६५ मा लामिताले सिंचाई योजनाकोलागि विनियोजन गरेको रु.३४,२५०।-पूरै रकम पेश्की दिएको,सो योजनामा अर्को आयोजना फूलबारी टोल जल प्रणाली सिचाई आयोजनाको टेक बहादुर खत्रीले लिएको पेश्की रकम रु.३४,२५०।-पेश्की समेत यस लामिताले मोटर सिंचाई आयोजनाको उपभोक्ता समितिको अध्यक्ष टोप बहादुर घर्तीलाई पेश्की हस्तान्तरण गरेको र सो दुवै पेश्की रु.६८,५००।- फछ्र्यौट नभई आ.व.६५/०६६ मा थप रु. ८०,०००।–पेश्की दिएको कार्य योजनाको सम्झौता र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १५५ को उपनियम (५) को खण्ड (ग)(ञ)र (ट) को कानूनी प्रावधान विपरीतको कार्य समेत गरेको मिसिल संलग्न सबुद प्रमाणबाट देखिएको।<br>आ) ऐन कानूनको पालना गर्ने गराउने दायित्व रहेका निज प्रतिवादी खडक बहादुर रोकायले बदनियतपूर्वक अर्का प्रतिवादी टोप बहादुर घर्तिमगरसंग मिलेमतो गरी पहिले नै रकम भुक्तानी दिएको देखिएको।पेश्की रकमबाट भएको कामको प्रगतिसमेतलाई मूंल्याकन गरेर मूल्यांकनका आधारमा पेश्की रकम फछ्र्यौट गरेपछि मात्र थप रकम पेश्की दिनु पर्नेमा पेश्की फछ्र्यौट तर्फ कुनै कारवाही नै नगरी एउटै व्यक्तिलाई पटक-पटक गरी (तीन पटक) जम्मा रु.१,४८,५००।- (अक्षररुपी एक लाख अठचालीस हजार पाँच सय) उपभोक्ता समितिका अध्यक्ष टोप बहादुर घर्तीलाई पेश्की रकम भुक्तानी गरेको तथा सो योजनाको लागि आ.व. २०६५/०६६ मा गाउँपरिषदबाट विनियोजित रकम रु.७०,०००।–रहेकोमा विनियोजित रकम भन्दा बढी रकम रु.१०,०००।- रुपैयाँ उपभोक्ता समितिलाई दिएकोले यस प्रकृतिको कसूर प्रकार स्वयंमा बदनियतपूर्वकको कसूर भएको।सो कुरा प्रतिवादी खडक बहादुर रोकायाले समेत वयानको क्रममा स्वीकार गरेको देखिएकोमा सो तर्फ अनदेखा गरी निज प्रतिवादीलाई आरोपित कसुरबाट उन्मुक्ति दिने गरी बदनियत तत्व पुष्टि हुंदाहुदै गलत ब्याख्या गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>इ) यी प्रतिवादीले पहिलो पेश्की भुक्तानी दिएकोमा पेश्की रकम फछ्र्यौट नहुदै थप पेश्की रकम भुक्तानी नदिएमा उक्त योजनमा अझ ठूलो नोक्सानी हुने अवस्था रहेको खुलाउन नसकेको र त्यस किसिमको अवस्था परिस्थिति नभए नरहेको अवस्थामा निज प्रतिवादीहरुको बदनियत रहेको प्रष्ट भएको।निज प्रतिवादीहरु भ्रष्टाचार गरेको कसूरमा इन्कारी भई वयान गरेको देखिएता पनि आयोगको कार्यालय,सुर्खेतको स्थलगत नापजाँच प्रतिवेदनबाट समेत उक्त योजना संचालनमा नआएको भन्ने उल्लेख भएबाट प्रतिवादी खडक बहादुर रोकायाले अर्का प्रतिवादी टोप बहादुर घर्तीसंग मिलेमतो गरी गैरकानूनी रुपमा दिएको पेश्की रकम हिनामिना भएको स्पष्ट देखिएको।प्रतिवादीहरुले पेश्की फर्छ्यौट सम्वन्धामा कानून बमोजिमको कुनै कारबाही वा प्रक्रिया पुरा गर्ने गराउने कार्य भए गरेको समेत नदेखिदा निज प्रतिवादी खडक बहादुर रोकायाले गरेको उक्त कार्यले भ्रष्टाचारजन्य कसुर स्थापित भई निज प्रतिवादीले सरकारी रकम रु.१,४८,५००।-(अक्षरुपी एक लाख अठचालिस हजार पाँच सय रुपैयाँ) हानी नोक्सानी पुर्याएको पुष्टि भईरहेकोमा निज प्रतिवादीहरुलाई आरोपित कसूर अपराधबाट सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण देखिंदा बदरभागी रहेको।<br>**ख) प्रतिवादी देविलाल सुनारको हकमाः-**<br>अ) यी प्रतिवादी जिल्ला सुर्खेत,तत्कालीन घुमखहरे गा.वि.स.मा मिति २०६५ साल देखि २०७२ सालसम्म गा.वि.स. सचिवको पदमा कार्यरत रही प्रशासनिक ,लेखा समेतका कार्यहरु गर्दै आएको। निज प्रतिवादी देविलाल सुनारले उक्त योजनाको शुरुको पेश्की रु.१,४८,५००।- तथा निजले दिएको पेश्की र भुक्तानी समेत गरी कुल रु.४,३८,५००।- को निर्माण कार्य भएको भनी उक्त योजनाको फरफारक गरे गराएको देखिएको। आयोगबाट भएको स्थलगत निरीक्षण पश्चात् पेश भएको प्राविधिक फिल्ड प्रतिवेदन एवं स्थलगत सर्जमिन मुचुल्का लगाएतका कागजात समेतको आधार प्रमाणहरुवाट उक्त योजनाको उद्देश्य बमोजिम कार्य सम्पन्न भएको नदेखिएको उल्लेख भएको देखिदा निजको कार्यमा बदनियत रहेको स्पष्ट देखिएकोमा उक्त तथ्य प्रमाणहरुलाई अनदेखा गरी निज प्रतिवादीको हकमा समेत सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद सजाय र बिगो बमोजिम जरिवाना हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हानी नोक्सानी गरेको बिगो रकम रु.१,४८,५००।-(एक लाख अठचालिस हजार पाँच सय रुपैयाँ) समेत निज प्रतिवादीबाट असुल उपर हुन मागदावी रहेको, अर्का प्रतिवादी देविलाल सुनारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ख), (ग) र (ङ) को कसूरमा सोही ऐनको को दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.४,३८,५००।- (चार लाख अठतीस हजार पाँच सय) कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर समेतको सजाय हुन मागदावी लिईएको, प्रतिवादी खगेन्द्र प्रसाद उपाध्याय उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ख), (ग) र (ङ) को कसुरमा निज उपर सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.४,३८,५००।- (अक्षरुपी चार लाख अठतीस हजार पाँच सय) कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर समेतको सजाय हुन साथै निज | प्रतिवादीहरुको वयान, स्थलगत प्रतिवेदन र प्रतिवेदकहरुको बकपत्र समेतका मिसिल कागजातहरुवाट देखिंदा प्रतिवादीहरुले बदनियतपूर्वक कसूर गरेको पुष्टि नभएकोले प्रतिवादीहरुले आरोपित कुसुरबाट सफाई पाउने देखिएको। | बदरयोग्य रहेको।<br>आ)अर्का प्रतिवादी एवं लामिताले सिंचाई योजनाका उपभोक्ता समितिको अध्यक्ष टोप बहादुर घर्तीले पुरानो सामान ल्याई नक्कली बिल भरपाई तयार गरेको कागजातका आधारमा योजना फछ्यौंट भए गरेको कुरा निज प्रतिवादीले स्वीकार गरेको। यसरी यी प्रतिवादीले आफू सो कुरामा जानकार रहेको भनि निजले मौकामा गरेको ततिम्बा बयानको सवाल जवाफ नं. १२ बाट समेत खुली आएको देखिँदा निजले आयोजनाको कार्य सम्पन्न नहुँदा नहुँदै पनि बदनियतसाथ झुट्टा कार्य सम्पन्न प्रतिवेदन एवं विलको आधारमा सिंचाई योजना निर्माणमा निर्धारित गुणस्तरभन्दा कम गुणस्तरको निर्माण सामग्री प्रयोग भएकोमा निर्धारित गुणस्तरको हो भनी नापी किताब, मूल्याङ्कन बिल भरपाईहरु प्रमाणित गरेको र उक्त योजना हालसम्म पनि संचालनमा आएको नदेखिँदा निजले अर्का सह प्रतिवादी टोप बहादुर घर्ती र खगेन्द्र प्रसाद उपाध्यायसंग मिलेमतो गरी बदनियतपूर्वक त्यस्तो निर्माण कार्यलाई गुणस्तरयुक्त, तोकिएका शर्त तथा मापदण्ड बमोजिम भएको हो भनी सदर गरी सरकारी रकम रू.४,३८,५००।- (अक्षरुपी चार लाख अठतीस हजार पाँच सय) भुक्तानी दिइ नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएकोले भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भईरहेकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुको यथोचित एवं न्यायोचित तवरले मुल्याङ्कन नगरी यी प्रतिवादी समेतलाई सफाई दिने गरी विशेष अदालतबाट भएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेकोले खारेज भागी रहेको।<br><br>**ग) प्रतिवादी खगेन्द्र प्रसाद उपाध्यायको हकमाः-**<br>अ)प्रतिवादी खगेन्द्र प्रसाद उपाध्याय जिल्ला सुर्खेत,साविक घुमखहरे गा.वि.स.मा मिति २०६६ माघ महिनाबाट नियुक्ति लिई प्राविधिक सहायक पदमा कार्तत रहेका र उक्त गा.वि.स. गुर्भाकोट नगरपालिकामा गाभिए पछि पनि सोही नगरपालिकामा कार्यरत रहेको। यी प्रतिवादीले उक्त लामिताले आयोजनामा लाग्ने पाइप समेत खरिद गरी ल्याइ आयोजना स्थलमा पाइप बिछ्याउने काम सम्पन्न भएको भनि दोश्रो किस्ता रकम निकासाको लागि आफू स्वयंले निवेदन लेखी सिफारिस गरेको देखिएको।निजले योजनाको कार्य सम्पन्न नहुँदा नहुदै गलत नापी किताब,ठेक्का सम्बन्धी बिल,कार्यसम्पन्न प्रतिवेदन तयार गरेको र सोही कागजात साविकको घुमखहरे गा.वि.स.मा पेश भई भुक्तानी भएको देखिँदा निजको वदनियत थिएन भन्न सक्ने अवस्था नदेखिएको।<br>आ) यी प्रतिवादीले लामिताले सिंचाई योजनामा उक्त योजनाको उपभोक्ता समितिका अध्यक्ष टोप बहादुर घर्ती,गा.वि.स. सचिव देविलाल सुनारसंग मिलेमतो गरी गैर कानूनी लाभ वा हानी पुर्याउने बदनियतले गलत प्रतिवेदन दिएको मिसिल संलग्न तथ्य प्रमाणहरुवाट स्थापित भएको।निज प्रतिवादीको अनुसन्धानमा भएको ततिम्बा वयानमा उपभोक्ता समितिका अध्यक्ष टोप बहादुर घर्तीका दबाबको कारण नगरेको कामलाई पनि मूल्याङ्कन गर्न लगाएकोले गरेको भनि कसूर स्वीकर गरी वयान गरे समेतवाट भ्रष्टाचारजन्य कार्य भएको स्थापित भई उजुरी व्यहोरा पुष्टि भएको देखिएको। निजले भए गरेको कार्यको यथार्थ मूल्याङ्कन नगरी नभए नगरेको तथा पुरानो सामानलाई समेत नयाँ भनी देखाई सिंचाई योजना संचालनमा नआउँदैको अवस्थामा गा.वि.स.मापन सूचकाङ्कमा फेल हुने र आगामी आ.व.हरुमा बजेट नआउने भन्ने जस्ता कारणहरुबाट अर्का प्रतिवादी टोप बहादुर घर्तीलाई रकम भुक्तानीको सम्झौता बमोजिमको कार्य नगरेको अवस्थामा पनि झुट्टा नापी किताब,ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गर्ने कार्य गरेको प्रष्ट भएको हुँदा निज प्रतिवादीले आरोपित कसूर गरेको पुष्टि भईरहेकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुलाई अनदेखा गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको।<br>इ) यी प्रतिवादी खगेन्द्र प्रसाद उपाध्यले आफू र अन्य प्रतिवादीहरुलाई गैरकानूनी लाभ पुर्याउने एवं नेपाल सरकारलाई हानी पुर्याउने वदनियतले निर्धारित गुणस्तर भन्दा कम गुणस्तरको पुरानो पम्पलाई प्रमाणित वा स्वीकृति दिएको देखिएको। यसैगरी निर्धारित शर्त तथा मापदण्ड विपरीत निर्माण कार्य गरिएको कार्यलाई स्वीकृत वा प्रमाणित गरेको एवं झुट्टा विल भरपाईको आधारमा भुक्तानी लिने दिने कार्य गरे गराएको देखिएको। निज प्रतिवादीले वदनियतपूर्वक भए गरेका कुरा लुकाई छिपाई गरी नभए नगरेको कुरा देखाई प्रतिवेदन दिई लामिताले सिंचाई योजनाको कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी गराई उपभोक्ता समितका अध्यक्ष टोप बहादुर घर्तीलाई घुमखहरे गा.वि.स.को कार्यालयबाट रकम भूक्तानी दिलाएको र सो कार्यको गैर कानूनी रुपमा भएको खर्च स्पष्टतः भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८(१) र दफा १९(२) बमोजिमको कसूर भएको पुष्टि भईरहेकोमा निज प्रतिवादी खगेन्द्र प्रसाद उपाध्याय समेतलाई अभियोग मागदावीबाट सफाई दिने गरी सुरु विशेष अदालतबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादी खगेन्द्र प्रसाद उपाध्यायले गलत प्रतिवेदन तयार गरी पेश गर्ने कार्य समेत गरेको देखिंदा ऐ.ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूर समेत गरेकाले निजलाई उक्त कसुरमा ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिमको थप कैद र जरिवाना सजाय समेत हुन मागदाबी रहेको, यसैगरी अर्का प्रतिवादी टोप बहादुर घर्ती मगरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसूरमा ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो रु.४,३८,५००।-(अक्षरुपी चार लाख अठतीस हजार पाँच सय रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय हुन र विगो बमोजिम जरिवाना गरी बिगो समेत जफत हुन मागदाबी रहेको। | | भएको फैसला त्रुटिपूर्ण एवं बदर योग्य रहेको।<br>**घ) प्रतिवादी टोप बहादुर घर्ती भन्ने टोप बहादुर घर्तिमगरको हकमाः-**<br>अ) प्रतिवादी टोप बहादुर घर्ती मगर लामिताले मोटर (लिफ्ट) सिंचाई आयोजना/योजनाको उपभोक्ता समितिका अध्यक्ष रहेका र निज समेतको मिलेमतो र संलग्नतामा आ.व. २०६४/०६५ देखि २०६८/०६९ सम्म जम्मा रु. ४,३८,५००।- बराबरको सरकारी रकम गैरकानूनी र बदनियतपूर्वक खर्च भएको र उक्त रकम हिनामिना गरेको मिसिल प्रमाणहरुवाट देखिएको। निज प्रतिवादीले अन्य प्रतिवादीहरु साविक घुमखहरे गा.वि.स.का तत्कालिन गा.वि.स.सचिव खडक बहादुर रोकाया, देविलाल सुनार र प्राविधिक सहायक खगेन्द्र प्रसाद उपाध्याय समेतको मिलेमतो र संलग्नतामा झुट्टा कागजातहरु तयार गरी गराई सरकारी रकम भुक्तानी लिनु दिनु गरेको प्रष्ट देखिएको। लागत अनुमान, सम्झौता, नापी किताब, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन बमोजिम मोटर सिंचाईको लागि नयाँ सामग्री खरिद गरी सिंचाईको लागि पाईप लाईन खन्ने पुर्ने कार्य गरी पाइप बिछ्याई सिंचाई गर्नुपर्नेमा सो नगरी पम्प लगायतका पुरानो सामानहरु साबिक गुमी गा.वि.स.मा सञ्चालित गृहस्थाश्रमबाट ल्याई उद्देश्य बमोजिम योजना सम्पन्न नगरी निज प्रतिवादीले योजनाको कार्य सम्पन्न प्रतिवेदन मात्र तयार गरी झुट्टा बिल भरपाईको आधारमा रु.४,३८,५००।- (अक्षेरुपी रु. चार लाख अठतीस हजार पाँच सय) रकम भुक्तानी लिने कार्य गरी निज प्रतिवादी समेतको संलग्नतामा सरकारलाई हानी नोक्सानी पुर्याई भ्रष्टाचारजन्य कसूर गरेको स-प्रमाण पुष्टि भएको।<br>आ) निज प्रतिवादी टोप बहादुर घर्ती मगरले पेश्की फछ्र्यौट नगरी थप पेश्की लिई आर्थिक ऐन नियम विपरीत कार्य गरी सुपरीवेक्षणको जिम्मा पाएका प्राविधिकलाई वास्तविक रुपमा फिल्डमा नभएको/नगरेको तथा पुरानो सामानहरुलाई नयाँ ल्याएको भनी नापी किताबमा चढाउन लगाई निर्माण सामग्रीहरुको नक्कली बिल भरपाई तयार गरी गैरकानुनी लाभ लिने बदनियतले राष्ट्रसेवक कर्मचारीलाई दवाब प्रभावमा पारी योजना फरफारकको लागि साविकको घुमखहरे गा.वि.स.मा झुट्टा नक्कली कागजातहरु पेस गरी रकम भुक्तानी लिएको तथा निजले खरिद गरेको भनि उल्लेख गरेका ती सामग्रीहरु समेतबाट हालसम्म योजना संचालन हुन नसकी लाभग्राहीहरु लाभान्वित हुन नसकेको अबस्था देखिए समेतबाट निजले भुक्तानी लिएको सरकारी रकमबाट रु.४,३८,५००।-(अक्षरुपी चार लाख अठतीस हजार पाँच सय रुपैयाँ मात्र) निर्धारित कार्य सम्पन्न नगरी नेपाल सरकारलाई हानी पुऱ्याएको देखिँदा निज प्रतिवादी टोप बहादुर घर्तिमगरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसूरजन्य कार्य गरेको निर्विवाद रुपमा पुष्टि भई रहेकोमा निज प्रतिवादी समेतलाई अभियोग मागदावीबाट सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी रहेको।<br>ङ) प्रस्तुत मुद्दाका प्रतिवादीहरुको आरोपित कसुर मिसिल संलग्न तथ्य प्रमाणहरुबाट पुष्टि भएको। सब ईन्जिनियर रेशम बहादुर वली समेतले स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गरेको र उक्त प्रतिवेदनबाट योजना संचालनमा आएको नदेखिएको भन्ने प्रतिवेदनबाट खुल्न आएको। मौकाको प्रतिवेदन समर्थित हुने गरी अदालतमा उपस्थित भई वादी पक्षका साक्षीले प्रतिवादीका कसुर स्थापित हुने स्पष्ट तथ्य उल्लेख गरी गढाउकासाथ बकपत्र गरि दिएको देखिएको। यसैगरी प्राविधिक नापजाँच गर्नकोलागि योजनास्थलमा पुगेता पनि योजना निर्माण कार्य नभएका कारण योजनामा भएको खर्च रकम अनियमितता गरेको भन्ने स्थलगत नापजाँचको विवरणवाट समेत पुष्टि भएको देखिएको। पेश्की माथी थप पेश्की दिएको भन्ने कुरामा सावीत रही प्रतिवादीहरु खडक बहादुर रोकाया र देविलाल सुनारको वयान वेहोरा समेतवाट खुल्न आएको देखिएको छ। उक्त योजना पेश्की फछ्र्यौट गर्दा सामान पुरानो भएतापनि संचालनमा आउँछ भनेका आधारमा र गा.वि.स. मापन सूचकाङ्कमा गा.वि.स.फेल हुने भएको हुँदा पेश्की दिएको भनि प्रतिवादी देविलाल सुनुवार र खगेन्द्र प्रसाद उपाध्यायले आधार कारण प्रष्ट पारी वयान वेहोरा लेखाए समेतवाट निज प्रतिवादीहरुको कार्यमा वदनियत रहेको प्रष्ट देखिरहेकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुलाई मूल्याङ्कन नगरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको।<br>च) यसैगरी अर्का प्रतिवादी टोप बहादुर घर्ती मगरले आरोपित कसुरमा पुर्ण रुपमा ईन्कार गरी वयान कथन लेखाएको भएतापनि प्रतिवादी खगेन्द्र प्रसाद उपाध्यायले मौकामा गरेको तथा अदालतमा वयान गर्दा मौकामा भएको वयानमा केही भन्नु छैन भनि मौकाको वयान संग सहमती जनाएर गरेको वयान हेर्दा उपभोक्ता समितिका अध्यक्ष टोप बहादुर घर्तीले पुराना सामान ल्याई नयाँ हो भनि काम सुरु गरेको,हामी कर्मचारीहरुलाई कुनै समन्वय नगरी आफ्नै मनोमानीले सामान ल्याएको र पछी बुझ्दा गृहस्थाश्रम गुमिका लिफ्ट सिंचाईमा प्रयोग भएका पुरानो सामान भएको पाईयो। उक्त सामान कूनै विल भरपाईको नभई नयाँ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | विलको भएको, गा.वि.स.मा नयाँ विल भरपाई ल्याई पेश्की रकम फछ्र्यौटको लागि दवाव आएको हुँदा मैले मूल्याङ्कन सिफारिस गरेको हुँ। उक्त लामिताले आयोजनामा नभएका नगरेको कामको लागि पनि मैले उपभोक्ता समितिका अध्यक्षको दवावले काम गरेको हुँ भनि वयान गरेवाट निज प्रतिवादी टोप बहादुर घर्ती मगरले कसूरमा इन्कार रही गरेको वयान स्वतः खण्डित भई अभियोगदावी बमोजिमको कसूर गरेको पुष्टि भईरहेकोमा उक्त तथ्य प्रमाणहरुलाई अनदेखा गरी भ्रष्टाचारको कसूरजन्य कार्यमा संलग्न निज प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>छ) प्रतिवादी टोप बहादुर घर्ति मगरको मौकाको वयानमा वजेट थोरै भएका कारण गुमि गृस्थाश्रमका अध्यक्ष संग उक्त सामानहरु ल्याएको हो। नयाँ सामानहरु ल्याएको होईन। सम्झौता बमोजिम लिफ्ट सिंचाई भएको छैन। पाईप लाईन खन्न बाँकी छ भनि वयान वेहोरा लेखाएको देखिदा उक्त योजनामा मापदण्ड विपरीत पुराना समान प्रयोग गरेको र योजनाको काम सम्पन्न नभएको भन्ने कुरा स्वीकार गरी वयान गरेको देखिएको। अदालतमा वयान गर्दा प्राविधिकको निरन्तर निरीक्षण र सुपवेरीक्षणमा नै उक्त आयोजनाको काम अगाडि बढेको। प्राविधिकले भने बमोजिम आयोजनामा सबै काम भएको हो भनि वेहोरा लेखाई दिएको र अर्का प्रतिवादी तथा साविक घुमखहरे गा.वि.स.का प्राविधिक सहायक खगेन्द्र प्रसाद उपाध्यायको वयान बेहोरासंग विरोधाभाषपूर्ण रही एक अर्कालाई दोषारोपण गरी आफू कसूरवाट उन्मुक्ति पाउने मनसायले यी प्रतिवादीहरुले वयान वेहोरा लेखाएको देखिँदा निजहरुको वयान विश्वासलायक एवं तथ्यपूर्ण नहुंदा नहुंदै प्रतिवादीहरुको वयान कथनलाई आधार बनाई भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी रहेको।<br>ज) आरोपपत्रको विरुद्ध खण्डका सम्पूर्ण प्रतिवादीहरुले तत्कालको अवस्थामा एक आपसमा मिलेमतो गरी पेश्की माथी पेश्की लिई दिई आर्थिक ऐन, नियम समेतको विपरीत कार्य गरी नभए नगरेको काम भए गरेको भनि कार्य सम्पन्न प्रतिवेदन तयार गरी, प्रमाणीत गरी, भुक्तानी लिनु दिनु गरी , बदनियतकासाथ वजेट अभावको बहाना गरी काम सम्पन्न नगरी सरकारी रकम हिनामिना गरेको देखिएकाले कसूर पुष्टि भएको अवस्थामा आरोपदावी बमोजिम कसुर ठहर गरी सजाय गनुपर्नेमा विशेष अदालतको फैसला प्रथम दृष्टिमै बदरभागी रहेको। साथै विशेष अदालतबाट यी प्रतिवादीहरुको कार्यमा लापरबाही र वदनियत पुष्टि नभएको भनि पेश्की लिए दिएको रकम फछ्र्यौट वा तोकिएको काममा खर्च नभएमा सम्वन्धित व्यक्तिबाट कानून बमोजिम असुल उपर हुन सक्ने नै देखिदा उक्त रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्न मिल्ने नदेखिएको भन्ने व्याख्यामा गंभिर त्रुटि देखिएको छ। सबुद प्रमाणको गलत व्याख्या गर्दै प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई पाउने ठहर गरी भएको फैसलामा गम्भिर त्रुटि देखिएको। यसै सन्दर्भमा "भ्रष्टाचारजन्य कसुर र देवानी दायित्वका बीच तात्विक भिन्नता रहेको। भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने" भनी ने.का.प.२०७६ निर्णय नं.१०३८७ भ्रष्टाचार मुद्दामा सम्मनित सर्वोच्च अदालतबाट कानूनी सिद्धान्त समेत प्रतिपादन भई सकेकोमा सो सिद्धान्त समेतको विपरीत प्रतिवादीहरुलाई सफाई दिने गरी भएको विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरयोग्य रहेको।<br>अतः माथि विवेचित आधार कारणहरुबाट प्रतिवादीहरु खडक बहादुर रोकाया, देविलाल सुनार,खगेन्द्र प्रसाद उपाध्याय र टोप बहादुर घर्ती भन्ने टोप बहादुर घर्ती मगरलाई आरोप मागदाबीबाट सफाई दिने ठहर गरी भएको उल्लिखित फैसला त्रुटियुक्त देखिएको। |